# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


च.नं.
प.सं. ०७८/०७९

मितिः२०७८/१२/२०

## बेरोजगार व्यक्तिको सुचीकरणका लागि लिइएको निवेदनमा अपुग विवरण थप गर्ने गराउने सूचना।

रोजगार सेवा केन्द्र मार्फत आ.व.२०७९/८० को लागि सन्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०७८ अनुसार यहि फाल्गुन मसान्त सम्म आवश्यक कागजात सहित उक्त निर्देशिकाको अनुसुची-१ बमोजिमको ढाँचामा बेरोजगार व्यक्तिको सुचीकरणका लागि लिइएको निवेदन सम्बन्धित वडा कार्यलयबाट प्रमाणित गरी रोजगार सेवा केन्द्रसम्म प्राप्त भएका निवेदनहरु रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भईरहेको व्यवहोरा अनुरोध छ ।

उक्त बेरोजगार व्यक्तिहरूको सूचीकरणका लागि सम्बन्धित वडाबाट प्रमाणित भई प्राप्त निवेदन मध्य केहि निवेदनमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्न आवश्यक न्युनतम विवरण समेत नभएकाले उक्त निवेदन सूचना प्रणालीमा प्रविष्ट गर्न प्राविधिक रुपमा नमिल्ने कुरा सम्बन्धित सबैमा जानकारी गराउछौं ।

उक्त आवश्यक न्युनतम विवरण समेत नभएका तपशिल बमोजिमका निवेदन सम्बन्धित वडा कार्यलयमा यस सूचना साथै पठाइएको छ र सम्बन्धित निवेदकले निवेदन पुर्ण रुपमा भरी सम्बन्धित वडामा पत्र प्रेशित भएको मितिले ७ (सात) दिन भित्र वडा कार्यलय मार्फत आवश्यक कागजात सहित रोजगार सेवा केन्द्रमा बुझाउनुहुन सम्बन्धित वडा कार्यलय र निवेदक सबैमा सूचित गरिन्छ।

**साथै तोकिएको मितिमा प्राप्त हुन नसकेका निवेदनमा कुनै कामकारवाही हुन नसक्ने व्यवहोरा समेत जानकारी गराइन्छ।**

..............................

कृष्ण प्रसाद ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत